# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज २ गते, २०८३ साल (अतिरिक्ताङ्क ४०(क)


## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४०**

**नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०८३**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ को अनुसूची-२ मा संशोधन** : नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ को अनुसूची-२ को,-

(१) क्रमसङ्ख्या ४ मा रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको कार्य विभाजनको बुँदा नं. ७ पछि देहायका बुँदा नं. ७क., ७ख., ७ग., ७घ, ७ङ., ७च., ७छ., ७ज., ७झ. र ७ञ. थपिएका छन् :-

"७क. जल तथा मौसम विज्ञान सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियमन;

७ख. जल तथा मौसम विज्ञान सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, भण्डारण, वितरण;

७ग. जल तथा मौसम विज्ञान सम्बन्धी अध्ययन, अनुसन्धान, अन्वेषण तथा सोसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग सहकार्य र साझेदारी;

७घ. जल विज्ञान तथा मौसम, बाढी, पहिरो, हिम पहिरो, नदी प्रवाह पूर्वानुमान तथा पूर्व सूचना प्रणालीको विकास र विस्तार;



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७ङ. हवाई मौसम, मौसम प्रविधि, अवलोकन सञ्जाल र तथ्याङ्क व्यवस्थापन;

७च. जल तथा मौसमको पूर्वानुमान तथा चेतावनी, मौसमी राडार, रेडियोसोन्डे, चट्याङ नेटवर्क, सौर्य विकिरण केन्द्रहरूको व्यवस्थापन र सूचना प्रवाह, पर्वतीय तथा हिम मौसम सेवा;

७छ. स्वचालित जलमापन केन्द्रको व्यवस्थापन र सूचना प्रवाह;

७ज. हिममण्डल, हिमनदी तथा हिमतालको तथ्याङ्क सङ्कलन, भण्डारण र व्यवस्थापन, जोखिम न्यूनीकरण, अनुगमन;

७झ. जलवायु परिवर्तनले जल तथा मौसम विज्ञानको क्षेत्रमा पारेको असरको अध्ययन, अनुसन्धान तथा अन्वेषण;

७ञ. जल तथा मौसम विज्ञान क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;"

(२) क्रमसङ्ख्या ६ मा रहेको कृषि, वन तथा पर्यावरण मन्त्रालयको कार्य विभाजनको बुँदा नं. ४७, ५५, ५६, ५७ र ५८ झिकिएका छन्।

**आज्ञाले,**

**पुष्कर सापकोटा**

**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।